# गौशाला नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ८ संख्या ४ मिति:२०८२/०२/२३

भाग-२

गौशाला नगरपालिका

# गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पस अनुदान व्यवस्थापन कार्यविधि २०८१

प्रमाणिकरण मिति:२०८२/०२/२३

डा दिपेन्द्र महतो
नगर प्रमुख

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

# गौशाला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गौशाला, महोत्तरी

**गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पस अनुदान व्यवस्थापन कार्यविधि २०८१**

**प्रस्तावना** : राष्ट्रिय विकासका लागि गौशाला नगरपालिका अन्तर्गतका उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणन्तरीय शिक्षाद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ती उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै सर्वसुलभ उच्च शिक्षा प्रदान गर्न तथा संघीय लोकतान्त्रिक गणतनेत्रात्मक व्यवस्था अनुरुप जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस नगरपालिका अन्तरगत संचालित क्याम्पसको शैक्षिक व्यवस्थापनमा टेवा पुर्याउन बाञ्छनीय भएकोले सम्बन्धित विश्विद्यालय र प्रदेश सरकारबाट अनुदान रकम उपलब्ध नभएसम्मको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप अर्को व्यवस्था नभएसम्मका लागि नगर कार्यपालिकाले यो गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पस अनुदान व्यस्थापन कार्यविधि, २०८१ लागू गरिएको छ।

### परिच्छेद १- संक्षिप्त नाम र प्रारम्भ

1. **संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम **गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पस अनुदान व्यवस्थापन कार्यविधि, २०८१** रहेको छ।
   ख) यो कार्यविधि गौशाला नगर कार्यपालिकामा सञ्चालित सामुदायिक क्याम्पस- गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पसलाई मात्र लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) कार्यविधि भन्नाले " **गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पस अनुदान व्यवस्थापन कार्यविधि, २०८१** सम्झनु पर्दछ।"

ख) **नगरपालिका** भन्नाले गौशाला नगरपालिकालाई सम्झनु पर्दछ।

डा. दिपेन्द्र महतो
नगर प्रमुख

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

ग) **नगर सभा** भन्नाले गौशाला नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

घ) **नगर कार्यपालिका** भन्नाले गौशाला नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ङ्) **प्रमुख** भन्नाले गौशाला नगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

च) **क्याम्पस** भन्नाले गौशाला नगर कार्यपालिकाद्वारा सञ्चालित सामुदायिक क्याम्पस- गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पसलाई सम्झनु पर्दछ।

छ) **सामुदायिक क्याम्पस** भन्नाले समुदायको पहलमा स्थापनामा गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र गौशाला नगरपालिकाबाट नियमति रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त क्याम्पस- **गौशाला बहुमुखी क्याम्पस र कान्तिबजार बहुमुखी क्याम्पस** सम्झनु पर्दछ।

ज) **उच्च शिक्षा** भन्नाले माध्यमिक शिक्षा कक्षा १२ उत्तीर्ण गरी लिइने शिक्षा सम्झनु पर्दछ।

झ) **उप- प्राध्यपक** भन्नाले सामुदायिक क्याम्पसमा अध्यपनरत क्याम्पस सञ्चालक समितिबाट नियुक्ति गरिएको शिक्षक सम्झनु पर्दछ।

ञ) **स्थायी** उप- **प्राध्यपक** भन्नाले सामुदायिक क्याम्पसमा अध्यपनरत क्याम्पस सञ्चालक समितिबाट नियमसँगत ढंगले स्थायी गरिएका वा स्थायी भनी नियुक्ति दिइएका पूर्णकालिन शिक्षक सम्झनु पर्दछ।

ट) **अस्थायी उप- प्राध्यापक** भन्नाले सामुदायिक क्याम्पसमा अध्यनरत क्याम्पस सञ्चालन समितिबाट अस्थायी भनी नियुक्ति पूर्णकालिन शिक्षक सम्झनु पर्दछ।

ठ) **कर्मचारी** भन्नाले सामुदायिक क्याम्पसमा कार्यरत क्याम्पस सञ्चालक समितिबाट नियुक्ति गरिएका कर्मचारी सम्झनु पर्दछ।

ड) **समिति** भन्नाले क्याम्पस सञ्चालक समिति सम्झनु पर्दछ।

ढ) **क्याम्पस प्रमुख** भन्नाले क्याम्पस सञ्चालक समितिद्वारा प्रशासनिक कामकाज समेत गर्ने गरी नियुक्त गरिएको उप- प्राध्यापक/शिक्षक सम्झनु पर्दछ।

## परिच्छेद-२- अनुदानको उद्देश्य

3. अनुदानको उद्देश्यः

   क) क्याम्पसमा न्यून पारिश्रमिकमा कार्यरत उप-प्राध्यापक तथा कर्मचारीहरुलाई प्रोत्साहित गर्ने।

डा दिपेन्द्र महतो
नगर प्रमुख

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

ख) क्याम्पसमा संरचनात्मक तथा शैक्षिक गुणस्तर सुधार गर्ने।

ग) क्याम्पसबाट प्रदान गरिने सेवालाई प्रभावकारी, जनमुखी तथा भरपर्दो तुल्याउन सहयोग गर्ने।

घ) घरदैलामै उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहनालाई साकार तुल्याउन सहयोग गर्ने।

## परिच्छेद-३- अनुदान दिन सकिने क्षेत्रहरु

4. **अनुदान दिन सकिने क्षेत्रहरुः** १) यस नगरपालिकाद्वारा योजना खुलाई तोकेको बाहेक अनुदान शिर्षकमा प्रदान गरिएको रकम देहाय बमोजिमका शिर्षकमा खर्च गर्न सकिनेछ।

क) उप- प्रध्यापकको तलब भत्ता

ख) कर्मचारीको तलब भत्ता

## परिच्छेद-४ – अनुदान तथा सहायता रकम निकासा तथा कार्यन्वयन प्रक्रिया

5. क) यस कार्यविधि बमोजिम उपलब्ध गराउने अनुदान रकम नगर कार्यपालिका तथा नगर सभाबाट निर्णय/पारित गरी तोकिए बमोजिम सामुदायिक क्यापसको उप-प्रध्यापक र कर्मचारीहरुको मनोबल वृद्धि गर्नको लागि प्रोत्साहन स्वरुप अनुदान रकम दिइनेछ।

ख) अनुदान रकम वार्षिक रुपमा तोकिए बमोजिम निकासा गरिनेछ।

ग) अनुदान रकम एक वा बढी किस्तामा क्याम्पसको खातामा निकासा दिन सकिनेछ।

घ) नगरपालिकाले तलब भत्ता वापत उपलब्ध गराएको अनुदान क्याम्पसले बैङ्क मार्फत सम्बन्धित उप- प्राध्यापक वा कर्मचारीको बैङ्क खातामा वा तलबी भरपाई मार्फत भुक्तानी दिनु पर्नेछ।

ङ्) अनुदान रकम पेश्कीको रुपमा निकासा दिन सकिनेछ।

च)अनुदान दिइसकेपछि क्याम्पसले नगरपालिकालाई तलबी भरपाई वा खर्चको फाँटवारी तथा बिलहरु पेश गरी पेश्की फर्छयौट गर्नु पर्नेछ।

डा दिपेन्द्र मेहता
नगर प्रमुख

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

छ) तलब भत्ता वापत अनुदानको हकमा क्याम्पसको स्थायी उप- प्राध्यापक, अस्थायी उप-प्राध्यापक तथा कर्मचारीको विवरण, समितिको नियुक्तिको निर्णय र नियुक्ति पत्र उपलब्ध गराउनु पर्नेछ।

ज) अनुदान  रकम दिनु पूर्व सामुदायिक क्याम्पसबाट विश्वविद्यालयबाट अनुदान तथा प्रदेश सरकारबाट समेत अनुदान दिए/नदिएको एकिन गरी तलब भत्ता वापत घटी रकम नगरपालिकाले अनुदान स्वरुप दिने।

झ) सामुदायिक क्याम्पसलाई अनुदान दिदाँ तहाँ अध्यनरत विद्यार्थी संख्या, लेखापरिक्षण, भर्ना शुल्क, मासिक शुल्क लगायत विभिन्न शुल्क उठाएको विवरण लिई अनुदान रकम उपलब्ध गराउने।

**६) नगरपालिकाले देहाय बमोजिमका आधारमा क्याम्पसलाई दिइने अनुदान रकम बर्षैपिच्छे फरक-फरक हुन सक्नेछ।**

क) नगरपालिकाको आन्तरिक आम्दानी

ख) नगरपालिकाको वार्षिक बजेटको आकार

ग) नगरपालिकाको योजनाको प्राथमिकिकरण

## परिच्छेद-५- विविध

**७) लेखापरीक्षण सम्बन्धि व्यवस्थाः** क्याम्पसलाई निकासा भएको रकमको लेखापरीक्षण क्याम्पसको हकमा प्रचलित आर्थिक सम्बन्धि ऐन तथा नियमावली बमोजिम हुनेछ।

**८) अनुगमन सम्बन्धी व्यवस्था**

क) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा नगरपालिकाको प्रमुखले अनुगमन गरी प्रतिवेदन तयार गर्न सक्नेछ।

ख) नगरपालिकाबाट अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाइएमा नगरपालिकाले तोकिए बमोजिमको कार्य सम्पन्न नगर्ने समिति वा क्याम्पस प्रमुखलाई निर्देशन गर्न सक्नेछ।

डा दिपेन्द्र महतो
नगर प्रमुख

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४

ग) नगरपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित क्याम्पस सञ्चालक समिति वा क्याम्पस प्रमुखको कर्तव्य हुनेछ।

घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने वा कारवाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ।

१०) **संशोधन तथा परिमार्जनः** नगरपालिकाले क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८१ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

११) **बचाउ तथा खारेजीः** यो कार्यविधि नगर कार्यपालिकाबाट संशोधन वा खारेज भएको अवस्थामा संशोधन वा खारेज हुन पूर्व भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आज्ञायले
नगर प्रमुख
श्री डा. दिपेन्द्र महतो

डा दिपेन्द्र महतो
नगर प्रमुख

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७४